# हरिनास गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चित्रेभञ्याङ्ग, स्याङ्जा

स्थापित: २०७३

पत्र संख्या: ०८२/०८३
चलानी नं.: १२०४

गण्डकी प्रदेश, नेपाल

मिति:२०८२/१२/२४

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु,
हरिनास गाउँपालिका ।

**विषय:शैक्षिक सत्र शुरु हुनुभन्दा अगाडी विद्यार्थी भर्ना नगर्ने तथा शुल्क नलिने सम्बन्धमा।**

प्रस्तुत विषयमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको पत्र संख्या २०८२/०८३, पत्र संख्या ४२५,मिति २०८२।१२।२२ को पत्रानुसार शैक्षिक सत्र सुरु नभई विद्याथी भर्ना गर्न नगराउन र नियमविपरित शुल्क नलिने कानूनी प्रावधान भन्दा बाहेक हुने गरी अग्रिम शुल्क नलिने जानकारीका लागि अनुरोध छ ।

०८२/१२/२४

राजिव सुवर्णकार
नि.प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार,
काठमाडौं नेपाल ।

पत्र संख्याः- ८२।८३
चलानी नं.:- ८२५

दर्ता नं.:- ३२५१
दर्ता मितिः- १२।२३

मितिः २०८२।१२।२२
ने.स. ११४६

**विषयः शैक्षिक सत्र शुरु हुनुभन्दा अगाडि विद्यार्थी भर्ना नगर्ने तथा शुल्क नलिने सम्बन्धमा ।**

**श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**सिंहदरवार, काठमाडौं ।**

केहि विद्यालयहरुले शैक्षिक सत्र शुरु नहुदै विद्यार्थी भर्ना गरेको र विद्यार्थी भर्ना बापत अग्रिम शुल्क असुल गरेको भनि विभिन्न माध्यमबाट आएका सूचना एवं गुनासोहरु प्रति मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ । शिक्षा नियमावली २०५९ को परिच्छेद १५ मा कसैले पनि शैक्षिक सत्र शुरु नभई विद्यार्थी भर्ना गर्न गराउन हुदैन भन्ने स्पष्ट व्यवस्था हुदाँहुदै र प्रचलित कानून अनुसार भर्ना भए पश्चात मात्र स्वीकृत भएको शीर्षकमा स्वीकृत भएको शुल्क मात्र लिन पाउने व्यवस्था हुदाँहुदै विद्यार्थीहरुबाट अग्रिम शुल्क असुल गरिएको साथै स्वीकृत भएको भन्दा बढि शुल्क लिइएको, तोकिएको शीर्षकमा भन्दा फरक शीर्षकमा शुल्क लिइएको, एउटै विद्यालयमा एक पटक भर्ना भए पश्चात पनि पटक पटक भर्ना शुल्क लिइएको आदि जस्ता गुनासो आएको र सम्मानित सर्वोच्च अदालतबाट फैसला भए बमोजिम शैक्षिक सत्र शुरु नहुदै भर्ना नगर्ने, नियमविपरीत शुल्क नलिने, कानुनी प्रावधान भन्दा बाहेक हुने गरी अग्रिम शुल्क लिएको भए तत्काल फिर्ता गराउन साथै सो अनुसार भए नभएको अनुगमन गरी नभएको भए सम्बन्धित विद्यालयलाई आवश्यक कार्वाही गर्ने व्यवस्थाका लागि सम्पुर्ण स्थानीय तहहरुलाई पत्राचार गरिदिनुहुन अनुरोध छ ।

कृष्णचन्द्र पोखेल
उपसचिव

*बोधार्थ:-*
*श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।*
*श्री शिक्षा विकास तथा समन्वय इकाइ (सबै):- उल्लिखित विषयमा स्थानीय तहसंग आवश्यक समन्वय एवं सहजिकरण लागि ।*

फोन नं.:
वेबसाइट : www.moest.gov.np